सचिव

# होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यक्रमको कार्य क्षेत्रगत शर्त (TOR-Term Of Reference)

## १. पृष्ठभूमी

प्राकृतिक, भौगोलिक, धार्मिक र साँस्कृतिक विविधतायुक्त लुम्बिनी प्रदेशको पर्यटन उद्योग विकासका धेरै सम्भावनाहरु रहेका छन्। प्रदेश सरकारको दीर्घकालीन सोचमा पर्यटन क्षेत्रको विकास एवम् बृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान गर्ने रहेको छ। यस सोचलाई पुरा गर्न प्रदेशमा भएका होमस्टेको प्रवर्द्धन मार्फत ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारको अवसर सिर्जना गरी प्राप्त लाभ विपन्न वर्गसम्मपुऱ्याउन आवश्यक देखिन्छ। प्रदेश सरकारको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम(बु.नं.७१)मा प्रदेश सरकारले होमस्टेको विकास मार्फत ग्रामिण पर्यटन प्रवर्द्धन गर्ने तथा होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने, होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिईएको छ। यसका लागि प्रदेश सरकारबाट आ.व.२०७७/७८ मा **होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षणकार्यक्रमको** लागि **रु.दुई करोड** बजेट विनियोजन गरिएको छ।

## २. कार्यक्रमको लक्ष्य

होमस्टे सञ्चालन गरी पर्यटन क्षेत्रको प्रतिफल आर्थिक सामाजिक रुपले पिछडिएका वर्ग, क्षेत्र र समुदायमा पुऱ्याइस्थानीय तथा प्रादेशिक अर्थतन्त्रको सबलीकरणमा योगदान पुऱ्याउने।

## ३. कार्यक्रमको उद्देश्य

- ग्रामीण समुदायको आयश्रोतमा वृद्धि गरी जीवनस्तर सुधार्ने,
- पर्यटन प्रवर्द्धनका गतिविधिहरुलाई स्थानीय समुदायको सामाजिक र आर्थिक समृद्धिसँग आवद्ध गर्दै लैजाने,
- होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने,
- होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने।

## ४. कार्यक्षेत्र

होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यक्रमको कार्यक्षेत्र प्रदेशका १२ जिल्लाहरु हुनेछ। १२ जिल्लामा रहेका सामुदायिक होमस्टेहरुबाट सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रास्ताव माग गरी उपयुक्त प्रस्तावहरु छनौट गरी अनुदान/सहयोग रकम उपलब्ध गराइनेछ।

महाशाखा प्रमुख



Scanned with CamScanner

सचिव

५. कार्य सम्पादन गर्ने विधी (methodology)

क) मन्त्रालयले सूचना प्रकाशन गरे बमोजिम प्राप्त हुन आएका सबै प्रस्तावहरु अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ७ बमोजिम गठित समितिमा पठाइनेछ। उक्त समितिले अनुदान व्यवस्थापन तथा एकीकृत मार्गदर्शन, २०७६ को अधिनमा रही मूल्याङ्कन गरी प्रस्तावहरु छनौट गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गरिनेछ।

ख) छनौट भएका होमस्टेहरुको सूचि मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिनेछ र सम्बन्धित होमस्टेलाई परियोजना छनौट भएको जानकारी सात दिन भित्र दिइनेछ।

ग) स्वीकृत परियोजनाहरुको कार्यान्वयनको लागि प्रस्ताव पेश गर्ने होमस्टेले मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयसँग जानकारी दिएको मितिले सात दिन भित्र सम्झौता गर्नु पर्नेछ।सम्झौतामा परियोजना कार्यान्वयन अवधि, लागत तथा कार्य संचालनका अन्य शर्तहरु समावेश गर्न सकिनेछ। तोकिएको समय भित्र सम्झौता गर्न नआएमा मन्त्रालयले अन्य प्रतिक्षा सूचिमा रहेका सामुदायिक होमस्टेसँग सम्झौता गर्न बाधा पुग्ने छैन।

घ) सम्झौतामा तोकिए बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ। सम्झौता विपरित काम गरेको पाइएमा मन्त्रालय भुक्तानी दिन बाध्य हुनेछैन।

ङ) अन्य कुरा स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

## ६. अनुगमन र सहजीकरण

सम्बन्धित कार्यको गुणस्तर नियन्त्रण गर्न मन्त्रालयबाट कामको आवश्यकता अनुसार टोली खटाईने छ। छनौट भएका होमस्टे/अनुदानग्राहीले मन्त्रालयसँगै नियमित सम्पर्कमा रही कार्यगर्नुपर्ने छ र मन्त्रालयवाट खटिने टोलीले सचिव र महाशाखा प्रमूखलाई नियमित रिपोटिङ्ग गर्नुपर्नेछ ।

## ७. मन्त्रालयले गर्ने सहयोग :

मन्त्रालयले मातहतका कार्यालयहरुसँग समन्वय र आवश्यक सहयोग उपलब्ध गराउन समन्वय गरिदिनेछ। छनौट भएका परियोजना सम्बन्धित होमस्टे/अनुदानग्राही र मन्त्रालयको लागत साझेदारीमा संचालन गरिनेछ। परियोजनाको लागि लाग्ने लागत रकममा मापदण्ड बमोजिम अनुदान/सहयोग स्वरुप स्वीकृत बजेट मन्त्रालयले सम्बन्धित होमस्टे/अनुदानग्राहीलाईउपलब्ध गराउने छ।

## ८. समय सिमा :

सम्झौता भएको मितिले ३ महिना भित्र कार्य सम्पन्न गर्नु पर्नेछ।

महाशाखा प्रमुख

सचिव

९. होमस्टे/अनुदानग्राहीको वान्छनीय योग्यता र पेश गर्नुपर्ने कागजातहरुः

होमस्टे/प्रस्तावदाताले यस कार्यक्षेत्रको अनुसूचि २ बमोजिम प्रस्तावतयार गरी निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

- होमस्टेको कानूनी दस्तावेज (दर्ता, नविकरण, PAN दर्ता प्रमाणपत्र ),
- विगत ३ वर्षमा भएको कारोबारको विवरण(होमस्टेमा वार्षिक रुपमा आउने पर्यटक/पाहुना र आम्दानी समेत),
- भौतिक संरचना र पूर्वाधारको उपलब्धता,
- परियोजना प्रस्ताव सम्बन्धमा सम्बन्धित होमस्टेको व्यवस्थापन तथा संचालन समितिको बैठक बसी निर्णय गरेको निर्णय प्रतिलिपि,
- होमस्टे हालसम्म संचालनमा रहेको भनी सम्बन्धित स्थानीय तहको सिफारिस,
- साँस्कृतिक घर नयाँ निर्माण गर्नु परेमा जग्गाको स्वामित्व भएको व्यक्ति/निकायको कम्तिमा १० वर्षको लागि सहमति उपलब्ध गराएको पत्र। यसै गरी पुरानो साँस्कृतिक घर मर्मत गर्नुपर्ने भएमा माथि उल्लेख भए बमोजिमको सहमति पत्र,
- लागत सहभागिताको प्रतिशत खुल्ने गरी प्रतिबद्धता पत्र,
- प्राविधिकबाट तयार गरिएको लागत अनुमान (साँस्कृतिक घर वा बाजागाजा वा भेषभुषा वा सबैको एकमुस्ट)।

१०. अनुदानग्राही छनौट प्रकृया :

(क) प्रस्ताव माग गरिनेः-

३० दिनको सुचना प्रकाशन गरी प्रस्ताव माग गरिनेछ। सूचना र प्रस्तावको ढाचाँ अनुसुची (१) र अनुसुची (२) बमोजिम हुनेछ।

(ख) अनुदानग्राहीको छनौटः-

सि.नं. १३ (क) बमोजिम पर्न आएका प्रस्तावहरुको अनुसूची ३ बमोजिमको मापदण्ड अनुसार मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनमा सबैभन्दा वढी अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ।

११. कार्यक्रमको लागी वजेट

यस कार्यक्रमको लागी कन्टिन्जेसी समेत कूल रु.दुई करोड बजेट रहेको छ ।

महाशाखा प्रमुख



Scanned with CamScanner

सचिव

अनुसूची-१

सूचनाको ढाचाँ

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
मुकाम बुटवल, रुपन्देही

होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यक्रमको लागि परियोजना प्रस्ताव आह्वान सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति:२०७७/०८/१३

प्रदेश सरकार, लुम्बिनी प्रदेशको आ.व. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधि भित्र रही होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण गर्ने कार्यक्रम रहेकोले प्रदेश सरकारले जारी गरेको अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६, स्वीकृत कार्यक्षेत्रगत शर्त(TOR) र थप मापदण्ड, २०७७ बमोजिम कार्यक्रम संचालन गर्न इच्छुक सामुदायिक होमस्टेहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा यस मन्त्रालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावको ढाँचा, थप जानकारी र विवरणको लागिमन्त्रालयको वेबसाइट हेर्नुहुन वा मन्त्रालयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

अनुसूची-२

परियोजना प्रस्तावको ढाचाँ

मिति:-

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
लुम्बिनी प्रदेश, मुकाम बुटवल, रुपन्देही ।

विषय:- बजेट उपलब्ध गराइदिनुहुन ।

प्रस्तुत विषयमा त्यस मन्त्रालयबाट मिति...... मा प्रकाशित सूचना अनुसार होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यक्रमको लागि तपसील बमोजिमको विवरण उल्लेख गरी प्रस्ताव पेश गरिएको छ। हाम्रो होमस्टेमा देहाय बमोजिमको परियोजनाको लागि बजेट उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं।

तपसील

१.संस्थागत विवरण:

(क) होमस्टेको नाम :

महाशाखा प्रमुख



Scanned with CamScanner

सचिव

(ख) ठेगाना : टेलफोन : इमेल :

(ग) दर्ता भएको स्थान, मिति दर्ता नं.:

(घ) नबिकरण मितिः

(ङ) सम्पर्क व्यक्तिको नामः पदः टेलफोनः इमेलः

(च) वार्षिक औषतमा आगमन हुने पाहुनाको संख्याः-

(छ) वार्षिक औषत आम्दानीः-

**२.परियोजनाको संक्षिप्त विवरण**

(क) परियोजनाको नामः

(ख) परियोजना संचालन हुने स्थानः

(ग) परियोजनाको जम्मा बजेटः

(घ) माग गरिएको रकमः

(ङ)अन्य साझेदार भए साझेदारको नाम र ठेगानाः

(च) साझेदारको लगानी रकमः

(छ) परियोजनाको अबधिः

(ज) परियोजनाको उद्देश्यः

(झ) प्रस्तावित मूख्य क्रियाकलापहरु र परिणामः

(ञ) परियोजनाबाट प्राप्त हुने अपेक्षित उपलब्धिः

(ट) बजेट आवश्यक पर्ने भनी सम्बन्धित होमस्टे व्यवस्थापन तथा संचालक समितिको निर्णय तथा सिफारिसः

(ठ) बजेट आवश्यक पर्ने कारणः

(ड) परियोजना संचालन गर्न लाग्ने कूल लागत(प्रमाणित लागत अनुमान सहित)

(ढ) सम्बन्धित संस्थाको लागत सहभागिता(जन श्रमदान, निर्माण सामग्री वा रकम) विवरणः

(ण) परियोजनाबाट लाभान्वित सम्भाव्य जनसंख्याः

**३.परियोजनाको विस्तृत विवरणः**

(क) कार्ययोजनाः

| क्र.सं. | क्रियाकलाप | समय(हप्ता वा महिना) | | | | | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

(ख) संस्थागत विवरण (कर्मचारी, साधन, स्रोत, कार्यालय आदि):

(ग) बैंकको नाम र खाता नम्बरः

(घ) प्रस्तावित परियोजनाको बजेटः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिमाण | दर | जम्मा रकम | संस्थाको योगदान | माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

(ङ) होमस्टेको व्यवस्थापकीय पक्षः

- भवन तथा बेडको संख्या...
- स्थानीय उत्पादनको प्रयोग..

महाशाखा प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

सचिव

- जनशक्ति प्रयोगको अवस्था...
- साँस्कृतिक पक्षको जगेर्ना..
- आगन्तुकको संख्या तथा वार्षिक आम्दानी..
- लेखापरीक्षण..
- नियमित बैठक..
- सजावट..

(च) समावेशिता

- युवा..
- महिला..
- जनजाति..
- दलित...
- पिछडिएको..

(छ) वातावरणमैत्री प्रस्ताव

- सरसफाइ र हरियाली ..
- पानीको स्रोत संरक्षण..
- वन क्षेत्रको संरक्षण..
- प्रदुषण नियन्त्रणको उपायहरु..

(ज) पर्यटन पूर्वाधारमा स्थानीय स्रोत साधनको प्रयोगको प्रतिवद्धता (ढुङ्गा, माटो, काठ, बाँस लगायतका वस्तु) (लागत अनुमान अनुसार)

(झ) पर्यटकीय गतिविधि, नवप्रवर्तन सम्बन्धी विवरणः

(ञ) साँस्कृतिक घर निर्माणको लागि जग्गाको उपलब्धता(स्थान, क्षेत्रफल)- माथि पेश भएका सम्पूर्ण विवरणहरु साँचो हुन झुठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला। कार्यक्रम र बजेट छनौट भएका तोकिएको जिम्मेवारी पारदर्शी तरिकाले तोकिएको समयमा सम्पन्न गर्नेछु।

अनुदानग्राही निकायको प्रमुख/अध्यक्ष

नाम थरः
पदः
ठेगानाः
हस्ताक्षरः
छापः
होमस्टेको नाम

पुनश्चः- परियोजना र बजेट छनौटमा प्रभाव पार्ने/अनुचित दबाव दिने गरेको प्रमाणित भएमा प्रस्ताव मूल्याङ्कन प्रकृयाबाट स्वतः हटाई अयोग्य घोषणा गरिनेछ।

महाशाखा प्रमुख



Scanned with CamScanner

सचिव

अनुसुची-३

## होमस्टेमा सौंस्कृतिक घर निर्माण, परम्परागत बाजा तथा भेषभुषा संरक्षण लागि प्राप्त प्रस्तावहरुको मुल्याङ्कनका आधारहरु

होमस्टेको नामः

ठेगानाः

| क्र सं | मुल्याङ्कनको विषय | आधार | भार | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | लागत सहभागिता -३० अंक | | | |
| क | कुल परियोजना लागत(रकम, श्रम, सामग्री वा सोबराबरको कूल रकम) को | २० प्रतिशत वा सो भन्दामाथी भएमा बढीमा | ३० अङ्क | |
| | | १५ भन्दा माथि र २० प्रतिशत भन्दा कामभएमा बढीमा, | २५ अङ्क | |
| | | १० देखी १५ प्रतिशत सम्मभएमा बढीमा | २० अङ्क | |
| २ | व्यवस्थापकिय पक्ष-२० अंक | | | |
| क | होमस्टे संचालनको अनुभव(१०) | होमस्टे संचालन भएको अवधि प्रतिवर्ष २ अङ्कका दरले | १० अङ्क | |
| ख | वार्षिक औसत पाहुनाको आगमन(१०) | ८०० भन्दा बढी भए | १० अङ्क | |
| | | ५००-८०० भए | ७ अङ्क | |
| | | ५०० भन्दा कम भए | ३ अङ्क | |
| ३ | स्पष्ट कार्ययोजना-५ अंक | | | |
| क | कार्ययोजना | परियोजना कार्यान्वयनको स्पष्ट कार्ययोजना पेश गरेमा | ३-५ अङ्क | |
| ४ | समावेशिता-२०अंक | | | |
| क | पिछडिएको क्षेत्र/भौगिलकता(१०) | रोल्पा र पूर्वी रुकुम जिल्लाका प्रस्तावको हकमा बढीमा | १० अङ्क | |
| | | गुल्मी, पाल्पा र अर्घाखाँची जिल्लाको प्रस्तावको हकमा बढीमा | ८ अङ्क | |
| | | प्रदेशका अन्य जिल्लाको प्रस्ताव हकमा बढीमा | ६ अङ्क | |
| ख | महिला सहभागिता (५) | होमस्टे संचालन तथा व्यवस्थापन समितिमा ३३ प्रतिशत वा सो भन्दाबढीमहिलाहरुको सहभागिता भए | ५ अङ्क | |

महाशाखा प्रमुख



Scanned with CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

सचिव

| | | | | |
|---|---|---|---|---|
| | | सो भन्दा कम भए | ३ अङ्क | |
| ख | जनजाति सहभागिता (५) | होमस्टे संचालन तथा व्यवस्थापन समितिमा दुई तिहाइ जनजातिहरुको सहभागिता भए | ५ अङ्क | |
| | | सो भन्दा कम भए | ३ अङ्क | |
| ५ | वातावरणमैत्री प्रस्ताव-१० अंक | | | |
| क | सरसफाइ | नियमित सरसफाइको व्यवस्था उल्लेख भए | ४ अङ्क | |
| ख | प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने विषय उल्लेख भए | हरियाली प्रवर्द्धन, भूक्षय नियन्त्रण, वन तथा पानी संरक्षण गर्ने कुरा उल्लेख भए | ४ अङ्क | |
| ग | प्रदुषण नियन्त्रणबारे उल्लेख भए | प्रदुषण नियन्त्रणको उपयुक्त उपाय उल्लेख भए | २ अङ्क | |
| ६ | पर्यटकीय गतिविधि, नवप्रवर्तन वा सिर्जनशिलता -१० अंक | | | |
| क | पर्यटकीय गतिविधि एवम् नवप्रवर्तन | पर्यटकीय गतिविधि एवम् नवप्रवर्तनसमावेश भए | ३-५ अङ्क | |
| ख | संस्कृति संरक्षण र सम्वर्द्धन | संस्कृति संरक्षण र सम्वर्द्धनको व्यवस्था भएमा | ३-५ अङ्क | |
| ७ | पूर्वाधार विकासमा स्थानीय स्रोत साधनको प्रयोगको -५ अंक | | | |
| क | स्थानीय श्रम, सीप र सामग्रीको प्रयोग | स्थानीयसीप र कला र सामग्रीको प्रयोग गर्ने सुनिश्चितता भए | ३-५अङ्क | |
| | | कुल जम्मा प्राप्ताङ्कः | | |
| | | | | |
| अक्षरमा: | | | | |

मूङ्कनकर्ताको सहि

नामः

पदः-

महाशाखा प्रमुख



Scanned with CamScanner